# माध्यमिक विद्यालय स्थान निर्धारण (SSPA) प्रणाली 2023/2025
# (सेप्टेम्बर 2025 मा माध्यमिक 1 मा भर्नाको लागि)
# प्राय: सोधिने प्रश्नहरू

## केन्द्रीय विनियोजन कार्यवाही

**(1) प्रश्न केन्द्रीय विनियोजन(CA) को मापदण्ड के के हुन्?**

उत्तर CA विद्यार्थीको विनियोजन ब्यान्ड, विद्यालयको अभिभावकीय छनोट र अनियमित संख्यामा आधारित हुन्छ। CA को विनियोजन प्रक्रियाको लागी, अभिभावकहरूले प्रारम्भिक अप्रिल 2025 मा शिक्षा ब्यूरो (EDB) द्वारा प्रकाशित "केन्द्रीय विनियोजनमा अभिभावकहरूको लागि नोट" हेर्नसक्छन्।

**(2) प्रश्न विद्यालय स्थानहरूलाई केन्द्रीय निर्धारण (CA) मा कसरी विभाजत गरिन्छ?**

उत्तर पुनरावर्तक र स्वनिर्णयगत स्थानहरूको कटौती पछि, माध्यमिक विद्यालयको बाँकी स्थानहरू CA को लागि प्रयोग गरिन्छ। CA स्थानहरू मध्ये, करीव 10% अप्रतिबन्धित विद्यालय छनौटहरूको लागि हो र कुनै पनि जिल्लाबाट अभिभावकहरूले अधिकतम 3 विद्यालयहरू (उनीहरूको बच्चाहरु आबद्ध भएका नेटका विद्यालय सहित) छनौट गर्न सक्दछन्। बाँकी 90% CA ठाउँहरू प्रतिबन्धित विद्यालयहरुका छनौटहरूको लागि हो। अभिभावकहरूले अधिकतम 30 वटा विद्यालयहरू आफ्नो बच्चाहरुको विद्यालयको नेटमा छनौट गर्न सक्दछन्। विद्यालय स्थानहरू विनियोजनको प्रक्रियामा, सबै विद्यार्थीहरूको भाग A मा "अप्रतिबन्धित विद्यालय छनौटहरू" पहिले प्रक्रिया गरिनेछ, त्यसपछि भाग B मा उनीहरूको "प्रतिबन्धित विद्यालय छनौटहरू" पछि गरिनेछ।

**(3) प्रश्न CA को लागि कम्प्युटर विनियोजन कार्यवाही के हो?**

उत्तर भाग A मा "अप्रतिबन्धित विद्यालय छनौटहरू" पहिले कार्यवाही गरिन्छ। भाग A मा सबै विद्यार्थीहरूको विद्यालय छनौट प्रक्रिया भएपछि मात्र, कम्प्युटरले भाग B मा "प्रतिबन्धित विद्यालय छनौट" को प्रक्रिया सुरु गर्न थाल्छ।

भाग A मा रहेका "अप्रतिबन्धित विद्यालय छनौट" गर्दा, कम्प्युटरले सुरुमा टेरिटरी ब्यान्ड 1 मा विद्यार्थीहरूलाई उनीहरूको विद्यालय छनौटहरूको प्राथमिकताको क्रम अनुसार विद्यालय स्थान छुट्याउनेछ। यी सबै विद्यार्थीहरूका विद्यालय छनौट जाँच गरेपछि, टेरिटरी ब्यान्ड 2 र अन्तमा टेरिटरी ब्यान्ड 3 का विद्यार्थीहरूका विद्यालय छनोट गर्न कम्प्युटरले उही प्रक्रिया गर्नेछ। भाग A मा स्थान प्राप्त गर्न सफल भएका विद्यार्थीहरूलाई भाग B मा स्थान प्रदान गरिने छैन। यदि कुनै विद्यार्थीलाई उसको/उनको सबै विद्यालय छनोट समाप्त भइसकेपछि भाग A मा विद्यालय स्थान तोकिएको छैन भने, उसलाई भाग B मा स्थान बाँडफाँड गरिनेछ।

भाग B मा "प्रतिबन्धित विद्यालय छनौटको" कार्यवाही गर्दा, कम्प्युटरले पहिले नेट ब्यान्ड 1 मा विद्यार्थीहरूलाई विद्यालय छनोटहरूको प्राथमिकताको क्रम अनुसार विद्यालय स्थानहरू छुट्याउनेछ। यदि नेट ब्यान्ड 1 मा विद्यार्थीलाई उसको/उनको सबै विद्यालय छनोटहरू समाप्त भइसकेपछि पनि विद्यालय स्थान बाँडफाँड गर्न नसकिने भएमा, कम्प्युटरले

उसलाई/उनीलाई विद्यालय नेटमा रहेको बाँकी ठाउँहरूबाट स्थान छुट्याउनेछ।[1] नेट ब्यान्ड 1 का सबै विद्यार्थीहरूलाई विद्यालयको स्थान तोकिए पछि, कम्प्युटरले नेट ब्यान्ड 2 र अन्तमा नेट ब्यान्ड 3 का विद्यार्थीहरूको छनोटमा कार्यवाही गर्नको लागि एउटै प्रक्रिया अपनाउनेछ।

यदि अभिभावकहरूले माध्यमिक विद्यालय छनोट गरेकाछन् जसले यस विनियोजन चक्रमा माध्यमिक विद्यालय स्थान विनियोजन (SSPA) प्रणाली अन्तर्गत माध्यमिक 1 (S1) स्थानहरू प्रस्ताव राख्दैन भने, त्यो विद्यालय छनौट प्रक्रियामा जानेछैन।[2].

**(4) प्रश्न अनियमित संख्या को उपयोग के हो?**

उत्तर कम्प्युटरले अनियमित संख्या केन्द्रीय विनियोजनको प्रक्रिया भन्दा पहिले उत्पन्न गर्दछ। यो समान विनियोजन ब्यान्ड भित्रका विद्यार्थीहरूका विनियोजनको क्रम निर्धारण गर्न प्रयोग गरिन्छ। यदि कुनै निश्चित माध्यमिक विद्यालयको विद्यालय स्थानहरूको माग आपूर्तिभन्दा बढी छ भने, सानो अनियमित संख्या भएका विद्यार्थीहरू पहिले विद्यालयमा विनियोजित हुनेछन्। अनियमित नम्पबर न त छात्रको “विद्यार्थी संदर्भ संख्यामा” सम्बन्धित छ न त उनको/उनको व्यक्तिगत विवरणसँग। बाँडफाँड प्रक्रियाको बखत प्रत्येक विद्यार्थीलाई मात्र एक अनियमित संख्या प्रदान गरिनेछ। विनियोजन प्रक्रिया पूरा भएपछि पछाडि अनियमित नम्पबर पुन: राखिने छैन।

[1] प्रत्यक्ष अनुदान योजना विद्यालयहरु र "विद्यार्थीहरूले यो आफ्नो छनोटमा समावेश नगरेसम्म यस विद्यालयमा आवंटित गरिने छैन" भनी टिप्पणी भएको विद्यालयहरू बाहेक।

[2] विनियोजन प्रक्रियाको क्रममा, कम्प्यूटरले सम्बन्धित विद्यालय छनोट(हरू) छोडेर माध्यमिक विद्यालयको एक छनोट फारम (छनोट फारम) मा भएका त्यसपछिका विद्यालय छनोटहरू (यदि कुनै छ भने) संग अगाडि

## केन्द्रीय विनियोजनमा छनौट गर्ने अभ्यास

**(5) प्रश्न अभिभावकहरूले CA का लागि छनौट गर्ने कागजातहरू कहिले प्राप्त गर्नेछन् र माध्यमिक विद्यालयहरूको छनौट फारम (छनोट फारम) पेश गर्ने अन्तिम म्याद कहिले हो?**

उत्तर यस चक्रमा eSSPA मार्फत DP आवेदन पेश गरेका प्राथमिक 6 (P6) का विद्यार्थीहरूका अभिभावकहरूले eSSPA मार्फत CA आवेदन पेश गर्नुपर्नेछ र उनीहरूले कागज छनोट फारम पाउनेछैनन्।

यस चक्रमा eSSPA मार्फत DP आवेदनहरू पेश नगरेका P6 विद्यार्थीहरूका अभिभावकहरूले कागजा छनोट फारम पाउनेछन्। उनीहरूले eSSPA मार्फत वा कागजको रूपमा CA आवेदनहरू पेश गर्ने निर्णय गर्न सक्छन्।

हालको चक्रका सहभागी (P6) विद्यार्थीहरूका अभिभावकहरूले प्रारम्भिक अप्रिल 2025 मा आफ्ना बालबालिका उपस्थित प्राथमिक विद्यालयहरू मार्फत सम्बन्धित छनोट बनाउने कागजातहरू प्राप्त गर्नेछन्।

अभिभावकहरूले भरिएको छनोट फारम EDB लाई मे 2025 को शुरुमा आफ्ना बालबालिका उपस्थित प्राथमिक विद्यालयहरूमार्फत फिर्ता गर्नुपर्छ। इलेक्ट्रोनिक सबमिशनको सन्दर्भमा, अभिभावकहरू पहिले नै eSSPA म प्रयोगकर्ताहरूको रूपमा दर्ता भएका र आफ्नो खाता "iAM Smart+"[3] सँग आवद्द भएका हुनुपर्छ, र eSSPA मार्फत उपस्थित प्राथमिक विद्यालयमा 9 अप्रिल 2025 र 6 मे 2025 बीच CA आवेदन पेश गर्नपर्नेछ। अभिभावकहरूले एउटै बच्चाको लागि eSSPA मार्फत र कागज फारम मार्फत नक्कल आवेदन पेश गर्नु हुँदैन। eSSPA खाता सिर्जना र लगइन प्रक्रियाहरूका लागि, कृपया EDB को गृहपृष्ठ (www.edb.gov.hk) मा अपलोड गरिएका सम्बन्धित भिडियोहरू र अभिभावक गाइड हेर्नुहोस् (Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System> S1 admission Digitalization मा जानुहोस्)।

**(6) प्रश्न छनोट फारम भर्दा अभिभावकले के कुरामा ध्यान दिनुपर्छ?**

उत्तर अभिभावकहरुलाई उपयुक्त विद्यालय छनोट गर्नका लागि विद्यालयहरूको शैक्षिक दर्शन, परम्परा, धर्म, वर्ग, संरचना र सञ्चालन, तथा जस्ता सबै पक्षहरूमा विचार गर्न दृढतापूर्वक सल्लाह दिइन्छ, र बालबालिकाको विशेषता, व्यक्तित्व, क्षमता र रुचिको बारे बिचार गर्न दृढताका साथ सल्लाह दिइन्छ।
छनौट फारम भाग A र भाग B मा विभाजित छ। भाग A "अप्रतिबन्धित विद्यालय छनोटहरूको" लागि, अभिभावकहरूले उनीहरूको बालबालिकाको आफ्नै विद्यालय नेटमा रहेका विद्यालयहरू सहित कुनै पनि विद्यालय नेटहरूबाट अधिकतम तीन माध्यमिक विद्यालयहरू छनौट गर्न सक्छन्। भाग B "प्रतिबन्धित विद्यालय छनोटहरूको" लागि, आमाबाबुले आफ्ना बच्चाहरूलाई उनीहरूको प्राथमिकताको क्रममा विद्यालय नेटबाट विद्यालयहरू भर्नुपर्छ र सकेसम्म 30 छनौटहरू भर्नुपर्छ। यदि तिनीहरूले भाग A मा संकेत गरेका माध्यमिक विद्यालयहरू पनि तिनीहरूका बालबालिकाको विद्यालय नेटमा छन् भने, तिनीहरूले यी विद्यालयहरूलाई भाग B मा समावेश गर्न सक्छन्। यद्यपि, अभिभावकहरूले एउटै भागमा

---

[3] "iAM Smart+" दर्ताको विवरणहरूको लागि, कृपया "iAM Smart" गृहपृष्ठ (https://www.iamsmart.gov.hk) मा जानुहोस् (चयन गर्नुहोस्: Home >"iAM Smart" Registration > Registration Methods) ।

एउटै विद्यालयको बारम्बार छनोट गर्नु हुँदैन किनभने यसले उनीहरूका बच्चाहरूलाई विद्यालयमा विनियोजन हुने सम्भावना बढाउँदैन।

अभिभावकहरूले छनौट फारमको भाग A भर्दा, विद्यालय कोडको ध्यानपूर्वक जाँच गर्नुपर्नेछ र यो सुनिश्चित गर्नुहोस् कि यो "अप्रबन्धित विद्यालय विकल्पहरूको लागि पुस्तिका" मा छापिएकोसँग मिल्दछ।


भाग A मा भएका स्कूल छनौटहरू स्कूल नेटद्वारा प्रतिबन्धित नभएकोले, आमाबाबुले गलत स्कूल कोड (जस्तै उनीहरूको मनपर्ने स्कूलको सट्टा अर्को स्कूलको स्कूल कोड) प्रविष्ट गरे तापनि, कम्प्युटरले अझै पनि स्कूल छनोटलाई तदनुसार प्रक्रिया गर्नेछ, उनीहरूको बच्चालाई त्यो विद्यालयमा विनियोजन हुने सम्भावना हुनेगरि। छनोट फारमको भाग B भर्दा अभिभावकहरूले विद्यार्थी सम्बन्धित भएको विद्यालय नेटको "माध्यमिक विद्यालय सूची" मा छापिएको विद्यालय कोडहरू सन्दर्भ गर्नुपर्छ। अभिभावकहरूले विद्यालय कोडहरू ध्यानपूर्वक भर्नुपर्छ र अवैध प्रविष्टिहरू प्रशोधन हुँदैनन्। यसबाहेक, यदि अभिभावकले यो विनियोजन चक्रमा SSPA प्रणाली अन्तर्गत S1 स्थानहरू प्रदान नगर्ने माध्यमिक विद्यालय छनौट गर्नुभयो भने , त्यो विद्यालय छनौटको प्रक्रिया हुने छैन।

विनियोजन कार्यवाहीको क्रममा, कम्प्युटरले पहिले भाग A मा विद्यालय छनोट, र त्यसपछि भाग B मा विद्यालय छनौट प्रक्रिया गर्नेछ। तसर्थ, भाग A मा विद्यालय स्थान प्राप्त गर्न सफल विद्यार्थीलाई भाग B मा स्थान बाँडफाँड गरिने छैन। तसर्थ, अभिभावकहरूले भाग A मा आफूले सबैभन्दा मनपर्ने विद्यालय(हरू) भर्नुपर्छ। भाग B मा विद्यालय स्थानहरूको थप प्रावधान भएकोले र विद्यार्थीहरूलाई त्यसमा विद्यालय स्थान छुट्याइने सम्भावना छ, अभिभावकहरूले "माध्यमिक विद्यालय सूची" मा प्रदान गरिएका विद्यालय छनोटहरूद्वारा सम्भव भएसम्म आफ्ना बच्चाहरूलाई उनीहरूको प्राथमिकताको विद्यालय स्थान छुट्याउने मौका बढाउनको लागि धेरै विद्यालयहरू भर्ने प्रयास गर्नुपर्छ ।

**(7) प्रश्न के सबै सहभागी विद्यार्थीका अभिभावकहरूले CA चरणमा छनोट फारम भर्नु आवश्यक छ?**

उत्तर विद्यार्थीहरूले सहभागी माध्यमिक विद्यालय (जकी क्लब Ti-I कलेज सहित) को DP को लागि आवेदन दिएका भए अथवा नभए पनि, उनीहरूले पूरा गरिएको छनोट फारम eSSPA मार्फत वा कागजी रूपमा प्राथमिक विद्यालयहरू मार्फत EDB लाई मे 2025 को सुरुसम्ममा फिर्ता गर्नुपर्छ। यदि तिनीहरूले यी विद्यालयहरूमा आफ्नो आवेदनमा सफल भएनन् भने, उनीहरूलाई अझै पनि CA मा S1 स्थान विनियोजन गरिनेछ भन्ने सुनिश्चित गर्नको लागि हो।

सहभागी विद्यालयहरूले सफल DP आवेदनकर्ताको रूपमा सूचित गरेका, वा Jockey Club Ti-I कलेज वा SSPA प्रणाली (NDSS माध्यमिक विद्यालय) मा भाग नलिएका प्रत्यक्ष अनुदान योजना माध्यमिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको लागि, भाग A र भाग B मा रहेका विद्यालय छनोटका भागहरू छोड्न् कृपया "माध्यमिक एक विद्यालय छनोट फारममा विद्यालय छनोट गर्न आवश्यक छैन" (कृपया तलको रेखाचित्र हेर्नुहोस्) चयन गर्नुहोस्, र eSSPA मार्फत छनोट फारम पुष्टि र पेश गर्नुका साथै "iAM Smart+" मार्फत डिजिटल रूपमा हस्ताक्षर गर्नुहोस्।



**Apply for Central Allocation**

- ◯ Make school choices on the Secondary One Choice of Schools Form
- ◯ Do NOT need to make school choices on the Secondary One Choice of Schools Form as the child has been notified as successful Discretionary Places applicant or admitted by Direct Subsidy Scheme secondary schools not participating in the SSPA System (i.e. give up participating in Central Allocation)
- ◯ Do NOT need to be allocated a subsidised S1 place through the SSPA System (i.e. give up participating in the SSPA System)

कागज छनोट फाराम बुझाउने अभिभावकहरूका लागि, कृपया छनोट फाराममा "स्कूल छनोट गर्नु पर्दैन" चयन गर्नुहोस्, स्कूल छनोटका भागहरू काट्नुहोस्, र सम्पर्क जानकारी भरेपछि छनोट फाराममा हस्ताक्षर गर्नुहोस् ताकि उनीहरूले स्कूल छनोट गर्नु पर्दैन भनेर संकेत गर्न सकियोस् (कृपया तलको रेखाचित्र हेर्नुहोस्)।



請在以下其中一個空格內填上 √ 號： Please tick one of the boxes below:

☐ 需要填寫選校部分（請填寫本表格甲部及乙部的學校選擇）
Make school choices (Please fill in the school choices in Part A and Part B on this form)

☑ 不需要填寫選校部分，因學生已獲參加派位中學通知為自行分配學位正取學生，或已獲賽馬會體藝中學或不參加派位的直接資助計劃中學錄取（即放棄參加統一派位）
Do NOT need to make school choices as the student has been notified as successful Discretionary Places applicant, or has been admitted by Jockey Club Ti-I College or Direct Subsidy Scheme secondary schools not participating in the Secondary School Places Allocation System (i.e. give up participating in Central Allocation)

☐ 不需要透過中學學位分配辦法獲分配資助中一學位（例如學生將於中國內地升學）（即放棄參加派位）
Do NOT need to be allocated a subsidised Secondary 1 place through the Secondary School Places Allocation System (for example, the student will study in Mainland China) (i.e. give up participating in the Secondary School Places Allocation System)

甲部 Part A 不受學校網限制的學校選擇 Unrestricted School Choices
任何學校網的學校，包括學生所屬學校網。請參閱《不受學校網限制選校手冊》，並依選擇的優先次序填上學校編號。電腦會先處理甲部的學校選擇。
ANY school nets, including the student's school net. Please refer to the "Handbook for Unrestricted School Choices" and enter below the School Codes in order of preference. The school choices in Part A will be processed first.

| | 第一選擇 First Choice | 第二選擇 Second Choice | 第三選擇 Third Choice |
|---|---|---|---|
| 學校編號 School Code | | | |

乙部 Part B 按學校網的學校選擇 Restricted School Choices　學生所屬學校網 Student's School Net: HK2

請參閱學生所屬學校網的《中學一覽表》，並依選擇的優先次序填上網內的學校編號。學生如未獲分配甲部選填的學校，電腦便會處理乙部的學校選擇。
Please refer to the "Secondary School List" and enter below the School Codes within student's school net in order of preference. The school choices in Part B will be processed if students are not allocated school places in Part A.

| 選擇次序 Order of Preference | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 學校編號 School Code | | | | | | | | | | |
| 選擇次序 Order of Preference | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 學校編號 School Code | | | | | | | | | | |
| 選擇次序 Order of Preference | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 學校編號 School Code | | | | | | | | | | |

本人聲明，表內所選填的學校為本人閱讀《統一派位家長須知》後自願填寫的。I certify that I have read the "Notes for Parents on Central Allocation" and I have made the above choices at my own will.

本人同意教育局透過電話短訊形式(SMS)通知學生的派位結果予本人。本人可接收 SMS 的手提電話號碼已填寫在右邊的方格內（如不同意接收 SMS 請留空此方格）。Consent is given for the Education Bureau to inform me of the allocation results of the student via SMS message. My mobile phone number which can receive SMS is provided in the box on the right (please leave the box blank if you do not wish to receive SMS).　9876 XXXX


家長/監護人簽署 Signature of Parent/Guardian: Chan T M　聯絡電話 Contact Tel. No.: 9876 XXXX　日期 Date: XX/XX/2025

家長/監護人姓名（請用正楷填寫） Name of Parent/Guardian (In BLOCK Letters): Chan Tai Man

住址 Home Address: Flat XX, XX Floor, XX Building, XX Road, HK

EDB 140　SO 307

यदि विद्यार्थीलाई SSPA प्रणाली (उदाहरणका लागि, विद्यार्थीले मेनल्याण्ड चीनमा अध्ययन गर्नेछन्) मार्फत अनुदानित S1 स्थान विनियोजन गर्न आवश्यक छैन र SSPA प्रणालीमा भाग लिन छोड्ने निर्णय गरेमा, अभिभावकले eSSPA मा "केन्द्रीय विनियोजनका लागि आवेदन दिनुहोस्" को पृष्ठ अन्तर्गत सम्पर्क जानकारी भर्नु पर्छ, त्यसपछि भाग A र भाग B का भागहरू छोड्नको लागि "SSPA प्रणाली मार्फत अनुदान प्राप्त S1 स्थान आवंटन गर्न आवश्यक छैन" चयन गर्नुपर्छ (कृपया तलको रेखाचित्र हेर्नुहोस्) र eSSPA मार्फत छनोट फारम पुष्टि गर्न र पेश गर्नका साथसाथै "iAM Smart+" सँग डिजिटल रूपमा हस्ताक्षर गर्नुहोस्।



### Apply for Central Allocation

- ◯ Make school choices on the Secondary One Choice of Schools Form
- ◯ Do NOT need to make school choices on the Secondary One Choice of Schools Form as the child has been notified as successful Discretionary Places applicant or admitted by Direct Subsidy Scheme secondary schools not participating in the SSPA System (i.e. give up participating in Central Allocation)
- ◯ Do NOT need to be allocated a subsidised S1 place through the SSPA System (i.e. give up participating in the SSPA System)

कागज छनोट फाराम बुझाउने अभिभावकहरूका लागि, कृपया "SSPA प्रणाली मार्फत अनुदानित S1 स्थान आवंटित गर्न आवश्यक छैन" चयन गर्नुहोस्, स्कूल छनोटहरूमा भएका भागहरू काट्नुहोस् र CA मा भाग नलिने मनसाय जनाउन सम्पर्क जानकारी भरेपछि छनोट फाराममा हस्ताक्षर गर्नुहोस् (कृपया तलको रेखाचित्र हेर्नुहोस्)।



請在以下其中一個空格內填上 √ 號： Please tick one of the boxes below:

☐ 需要填寫選校部分（請填寫本表格甲部及乙部的學校選擇）
Make school choices (Please fill in the school choices in Part A and Part B on this form)

☐ 不需要填寫選校部分，因學生已獲參加派位中學通知為自行分配學位正取學生，或已獲賽馬會體藝中學或不參加派位的直接資助計劃中學錄取（即放棄參加統一派位）
Do NOT need to make school choices as the student has been notified as successful Discretionary Places applicant, or has been admitted by Jockey Club Ti-I College or Direct Subsidy Scheme secondary schools not participating in the Secondary School Places Allocation System (i.e. give up participating in Central Allocation)

☑ 不需要透過中學學位分配辦法獲分配資助中一學位（例如學生將於中國內地升學）（即放棄參加派位）
Do NOT need to be allocated a subsidised Secondary 1 place through the Secondary School Places Allocation System (for example, the student will study in Mainland China) (i.e. give up participating in the Secondary School Places Allocation System)

甲部 Part A 不受學校網限制的學校選擇 Unrestricted School Choices

任何學校網的學校，包括學生所屬學校網。請參閱《不受學校網限制選校手冊》，並依選擇的優先次序填上學校編號。電腦會先處理甲部的學校選擇。

ANY school nets, including the student's school net. Please refer to the "Handbook for Unrestricted School Choices" and enter below the School Codes in order of preference. The school choices in Part A will be processed first.

| | 第一選擇 First Choice | 第二選擇 Second Choice | 第三選擇 Third Choice |
|---|---|---|---|
| 學校編號 School Code | | | |

乙部 Part B 按學校網的學校選擇 Restricted School Choices

學生所屬學校網 Student's School Net: HK2

請參閱學生所屬學校網的《中學一覽表》，並依選擇的優先次序填上網內的學校編號。學生如未獲分配甲部選填的學校，電腦便會處理乙部的學校選擇。

Please refer to the "Secondary School List" and enter below the School Codes within student's school net in order of preference. The school choices in Part B will be processed if students are not allocated school places in Part A.

| 選擇次序 Order of Preference | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 學校編號 School Code | | | | | | | | | | |
| 選擇次序 Order of Preference | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 學校編號 School Code | | | | | | | | | | |
| 選擇次序 Order of Preference | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 學校編號 School Code | | | | | | | | | | |

本人聲明，表內所選填的學校為本人閱讀《統一派位家長須知》後自願填寫的。I certify that I have read the "Notes for Parents on Central Allocation" and I have made the above choices at my own will.

本人同意教育局透過電話短訊形式(SMS)通知學生的派位結果予本人。本人可接收 SMS 的手提電話號碼已填寫在右邊的方格內（如不同意接收 SMS 請留空此方格）。Consent is given for the Education Bureau to inform me of the allocation results of the student via SMS message. My mobile phone number which can receive SMS is provided in the box on the right (please leave the box blank if you do not wish to receive SMS). 9876 XXXX

家長/監護人簽署 Signature of Parent/Guardian: Chan T M
聯絡電話 Contact Tel. No.: 9876 XXXX
日期 Date: XX/XX/2025

家長/監護人姓名（請用正楷填寫） Name of Parent/Guardian (In BLOCK Letters): Chan Tai Man

住址 Home Address: Flat XX, XX Floor, XX Building, XX Road, HK

EDB 140 SO 307

यदि अभिभावकहरूले "स्कूल छनौट गर्नुहोस्" चयन गर्छन् तर कुनै पनि स्कूल छनौट गर्दैनन्, र विद्यार्थीहरूलाई न त DP चरणमा स्कूल स्थान छुट्याइएको छ, न त Jockey Club Ti-I कलेज/NDSS माध्यमिक विद्यालयहरूले भर्ना लिएका छन् भने, विद्यार्थीहरूलाई स्थापित विनियोजन संयन्त्र अनुसार स्कूल स्थानहरू छुट्याइनेछ।

**(8) प्रश्न अभिभावकहरूले कसरी आफ्ना बच्चाहरूको लागि विद्यालय छनौटहरू गर्नुपर्दछ?**

उत्तर विद्यालय छनोट गर्नु अघि, अभिभावकहरूले "अप्रतिबन्धित विद्यालय छनोटहरूको लागि ह्यान्डबुक", विद्यार्थी सम्बन्धित विद्यालयको नेटको "माध्यमिक विद्यालय सूची" र "केन्द्रीय विनियोजनमा अभिभावकहरूका लागि नोटहरू" अध्ययन गर्नुपर्छ, र यदि छ भने विद्यालयको टिप्पणी(हरू) मा ध्यान दिनुपर्छ। उनीहरूले शिक्षा ब्यूरोको होमपेज (https://www.edb.gov.hk) मा अपलोड गरिएको "सेकेन्डरी विद्यालय प्लेस एलोकेशन सिस्टम 2023/2025 साइकल" भिडियोहरू पनि हेर्नुपर्छ (Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System मा जानुहोस्), र उनीहरूको बच्चाहरुको प्राथमिक विद्यालयहरूबाट सल्लाह लिनुपर्छ। त्यसपछि उनीहरूका बालबालिकाका विशेषता, व्यक्तित्व, क्षमता र रुचिका आधारमा कुनै पनि जिल्लाबाट अधिकतम 3 वटा विद्यालयहरू छान्नुपर्छ र प्राथमिकताको क्रममा छनोट फारमको भाग A मा तिनीहरूलाई प्रविष्टि गर्नुपर्छ। त्यसपछि, अभिभावकहरूले "माध्यमिक विद्यालय सूची" बाट विद्यालयहरू छनौट गर्नुपर्छ, उनीहरूको प्राथमिकता अनुसार छनोट फारमको भाग B मा प्रविष्ट गर्नुपर्छ र सम्भव भएसम्म 30 छनौटहरू भर्नुपर्छ। केन्द्रीय विनियोजनमा, भाग A "अप्रतिबन्धित विद्यालय छनौटहरू" अन्तर्गतको छनौट फारम भाग B "प्रतिबन्धित विद्यालय छनौटहरू" अघि प्रशोधन गरिनेछ। अर्को शब्दमा, यदि एक विद्यार्थी भाग ए अन्तर्गत विद्यालय स्थानमा निर्धरित गरिएको छ भने उसको भाग बी अन्तर्गतको विद्यालयमा छनौट प्रक्रिया हुने छैन। बरु, यदि एक विद्यार्थीलाई भाग ए मा स्थान दिइएको छैन भने, भाग बी अन्तर्गत उसको विद्यालय छनौटहरू प्रशोधन गरिनेछ।

**(9) प्रश्न अभिभावकहरूले माध्यमिक विद्यालयहरू छनौट गर्न चाहेको बारेमा कसरी अधिक जानकारी प्राप्त गर्न सक्छन्?**

उत्तर अभिभावकहरूले होम विद्यालय सहयोग समितिले कम्पाइल गरेको "माध्यमिक विद्यालय प्रोफाइल 2024/2025" लाई सन्दर्भ लिन सक्दछन् जुन डिसेम्बर 2024 मा अभिभावकलाई वितरण गरिएको थियो। अभिभावकले माध्यमिक विद्यालयहरूको जानकारी प्राप्त गर्न "माध्यमिक विद्यालय प्रोफाइल" (https://www.chsc.hk/secondary/en) वेब संस्करणमा लिंक मार्फत विद्यालय वेबसाइटहरू पनि हेर्न सक्दछन्। । विद्यालयको नाम, ठेगाना, टेलिफोन नम्बर, वित्त प्रकार, उपलब्ध विद्यालय स्थानहरूको योजनाबद्ध संख्या आदि समावेश सहित विद्यालय जानकारी, "अप्रतिबन्धित विद्यालय विकल्पहरूको लागि ह्याण्डबुक " ह्याण्डबुक र "माध्यमिक विद्यालय सूची" मा समावेश गरिएको छ। माथिका दुई कागजातहरू EDB बसाइटमा अपलोड गरिएको छ (https://www.edb.gov.hk) (Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System मा जानुहोस्।). ह्यान्डबुकमा जानकारी प्राप्त गर्न अभिभावकहरूले स्वचालित टेलिफोन इन्क्वायरी सिस्टम (टेलिफोन नम्बर: 2891 0088) (२ थिच्नुहोस् (अंग्रेजी) > ५ (फ्याक्स सर्भिस) > ०४ (माध्यमिक विद्यालय स्थान आवंटन प्रणाली: विद्यालय सूची)) द्वारा प्रदान गरिएको फर्सिमिल सेवा पनि प्रयोग गर्न सक्दछन्। अभिभावकहरूले माथी कागजातहरूमा देखाइएको जस्तो टेलिफोन नम्बरलाई सन्दर्भमा विद्यालयहरू पनि सोधपुछ गर्न सक्दछन्।

**(10) प्रश्न के अभिभावकहरूले अर्को विद्यार्थीको "माध्यमिक विद्यालय सूची" लाई सन्दर्भ लिन सक्छन्?**

उत्तर अभिभावकहरूले त्यसो गर्नबाट टाडै रहनु पर्छ। यो किनभने हङ कङ मा 18 वटा विद्यालय नेटहरु छन्, हरेक विद्यालय को बिभिन्न छनौटहरु छन् । अर्को विद्यार्थीको "माध्यमिक विद्यालय सूची" फरक विद्यालय नेटको हुन सक्छ र लागू हुँदैन।

**(11) प्रश्न विद्यालय छनौट गर्दा, आफ्ना बालबालिकाको प्राथमिक विद्यालयको शैक्षिक नतिजालाई सन्दर्भ गर्न चाहेमा अभिभावकहरूले के कुरामा ध्यान दिनुपर्छ?**

उत्तर विद्यालय छनौट गर्ने सन्दर्भको रूपमा अभिभावकहरूले आफ्ना बालबालिकाको शैक्षिक नतिजाको लागि आफ्ना बालबालिकाले पढिरहेको प्राथमिक विद्यालयहरूसँग परामर्श लिन सक्छन्।

विद्यमान संयन्त्र अन्तर्गत, SSPA मा भाग लिने सबै प्राथमिक विद्यालयहरूले प्राथमिक 5 (P5) को अन्त्यमा र मध्य वर्षको र P6 को अन्त्यमा आफ्ना विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन (IA) नतिजा पेश गरेपछि, कम्प्युटरले स्केलिंग उपकरणको रूपमा स्कूलको प्रि-सेकेन्डरी वान हङकङ प्राप्ति परीक्षा (Pre-S1 HKAT) को नमूना गरिएको नतिजाको औसत प्रयोग गरेर IA नतिजाहरू समायोजन गर्नेछ। केन्द्रीय विनियोजन कम्प्युटर कार्यक्रम क्षेत्र र व्यक्तिगत स्कूल नेट भित्र सहभागी विद्यार्थीहरूको संख्या अन्तिम रूप दिएपछि सञ्चालन हुनेछ। त्यसकारण, विद्यार्थीहरूको क्षेत्र ब्यान्ड र नेट ब्यान्ड कम्प्युटर विनियोजन प्रक्रिया सुरु भएपछि मात्र निर्धारण गर्न सकिन्छ। अर्को शब्दमा भन्नुपर्दा, केवल उनीहरूको अंक/योग्यताको क्रम र एउटै विद्यालयका अघिल्ला समूहका विद्यार्थीहरूको शैक्षिक प्रदर्शनको आधारमा व्यक्तिगत विद्यार्थीहरूको आवंटन ब्यान्डको सही अनुमान गर्न असम्भव छ। विद्यार्थीहरूको वास्तविक आवंटन ब्यान्ड विद्यालय वा अभिभावकहरूले गरेको अनुमानभन्दा फरक हुन सक्छ। सान्दर्भिक स्कूल छनौट जानकारीको सन्दर्भमा अभिभावकहरू होसियार हुनुपर्छ।

स्केलिंग संयन्त्र र आवंटन ब्यान्डहरूको व्याख्याको लागि, कृपया EDB गृहपृष्ठमा अपलोड गरिएको सम्बन्धित भिडियो हेर्नुहोस्। (Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System > Video on the Secondary School Places Allocation (SSPA) System 2023/2025 Cycle मा जानुहोस्।)

<u>स्केलिंग संयन्त्र र आवंटन ब्यान्डहरूमा भिडियो</u>

**(12) प्रश्न के अभिभावकहरूले धेरै मनपर्ने माध्यमिक विद्यालयहरू उनीहरूको विद्यालयको छनौटहरूको रूपमा भर्नुपर्छ?**

उत्तर अभिभावकहरूले भाग A मा अधिकतम 3 वटा बिभिन्न विद्यालयहरू र भाग B मा अधिकतम 30 विभिन्न विद्यालय भर्नुपर्छ। मन परेका केहि विद्यालय छनौटहरू भर्नु वा उही भागहरूमा फरक प्राथमिकताहरूमा उही छनौटहरू दोहोर्याउँदा उनीहरू यस विद्यालयमा विनियोजन हुने सम्भावना बढ्दैन। यसको विपरित, यसले उनीहरूका बच्चाहरूलाई उनीहरूको छनौट बाहिरका विद्यालयमा विनियोजित हुने जोखिम बढाउन सक्छ। यो ध्यान दिनुपर्दछ कि केन्द्रीय आवंटनमा, भाग A, "अप्रबन्धित विद्यालय छनौटहरू" का विद्यालय छनौटहरू, भाग B, "प्रतिबन्धित विद्यालय छनौटहरू" भन्दा अघि प्रशोधन गरिनेछ। तसर्थ, अभिभावकहरूले उनीहरूको उच्च प्राथमिकताका विद्यालयहरू केवल भाग A मा भर्नुपर्छ। यद्यपि, भाग B मा विद्यालय स्थानहरूको संख्या बढी छ र विद्यार्थीहरू भाग B को विद्यालय स्थानहरूमा विनियान हुने सम्भावना धेरै हुनेछ, त्यसैले अभिभावकहरूले भाग B मा सकेसम्म 30 छनौटहरू भर्ने प्रयास गर्नुपर्छ ता कि उनीहरूका बच्चाहरूलाई उनीहरूको मनपर्ने विद्यालयहरूमा विनियान गर्ने ठूलो सम्भावना होस्।

**(13) प्रश्न के अभिभावकहरूले छनोट फारमको भाग A र भाग B मा DP चरणमा आफूले आवेदन(हरू) पेस गरेका विद्यालय (हरू)लाई विद्यालय छनोटहरू मध्ये एक/दुईको रूपमा छनोट गर्न सक्छन्?**

उत्तर विद्यालय छनोट गर्दा, यदि DP चरणमा लागू गरिएका विद्यालय(हरू) विद्यार्थीको विद्यालय नेटमा छन् भने र अभिभावकहरूले अझै पनि आफ्ना बच्चाहरूलाई विद्यालय(हरू) मा विनियोजन भएको चाहन्छन् भने, उनीहरूले आफ्नो विवेकमा छनोट फारमको भाग A र भाग B मा विद्यालय(हरु) उनीहरुको विद्यालय छनोट र विद्यालय छनोटको प्राथमिकताको रुपमा छान्न सक्छन्।

यद्यपि, यदि उनीहरूले DP चरणमा आवेदन दिएका विद्यालय(हरू) तिनीहरूको विद्यालय नेटसँग सम्बन्धित छैनन् भने, अभिभावकहरूले त्यसलाई छनोट फारमको भाग A मा मात्र छनोट गर्नुपर्छ, र विद्यालय छनौट(हरु)को प्राथमिकता अभिभावकहरूको आफ्नै विवेकमा।

**(14) प्रश्न यदि अभिभावकहरूले भाग A, "अप्रतिबन्धित विद्यालय छनौटहरूबाट" कुनै पनि विद्यालय छनौटहरू गर्दैनन् र भाग B, "प्रतिबन्धित विद्यालय छनौटहरूमा" छनौट गर्छन् भने, के उनीहरुका बच्चाहरूलाई भाग बी अन्तर्गत छनौट गरिएको विद्यालयहरूमा प्राथमिकता दिइनेछ?**

उत्तर छैन। बाँडफाँड प्रक्रिया अनुसार, भाग A का विद्यालय विकल्पहरू, "अप्रतिबन्धित विद्यालय छनौटहरू" भाग बी, "प्रतिबन्धित विद्यालय छनौटहरू", विद्यालय छनौटहरू भन्दा अघि प्रशोधन गरिनेछ। भाग A मा "अप्रबन्धित विद्यालय छनौटहरूको" प्रकृयामा, कम्प्युटरले पहिले टेरीटरी ब्यान्ड 1 विद्यार्थीहरूको विद्यालय छनोटहरू, त्यसपछि क्षेत्र ब्यान्ड 2 विद्यार्थीहरूको विद्यालय छनोटहरू र अन्तमा, क्षेत्र ब्यान्ड 3 विद्यार्थीहरूको विद्यालय छनोटहरू स्क्रिन गर्नेछ। कम्प्युटरले भाग B मा विद्यालय छनौटहरू मात्र प्रोसेस गर्दछ सबै विद्यार्थीहरूको भाग एमा विद्यालय छनौटहरू प्रशोधन गरेपछि। भाग बीमा "प्रतिबन्धित विद्यालय छनौटहरूको" प्रकृयामा, कम्प्युटरले सर्वप्रथम नेट ब्यान्ड 1 विद्यार्थीहरूको विद्यालय छनोटहरू स्क्रिन गर्नेछ जबसम्म ती सबै विद्यालय स्थानहरू

विनियोजित हुँदैनन्। त्यसपछि कम्प्युटरले नेट ब्यान्ड 2 विद्यार्थीहरूको विद्यालय छनोटहरू स्क्रिन गर्नेछ र अन्तमा, समान प्रक्रियाको साथ नेट ब्यान्ड 3 विद्यार्थीहरूको विद्यालय छनोटहरू।

यदि अभिभावकले भाग A, "अप्रतिबन्धित विद्यालय छनौटहरू", र भाग B, "प्रतिबन्धित विद्यालय छनोटहरूमा" विद्यालय छनोटहरू गर्नुहुन्न भने, उनीहरूको बच्चाले भाग A मा मनपर्ने विद्यालय(हरू) मा विनियोजन अवसर गुमाउनेछन्।

**(15) प्रश्न यदि अभिभावकहरू SMS मार्फत विद्यार्थीहरूको विनियोजन परिणामहरू प्राप्त गर्न सहमत छन् भने उनीहरूले छनोट फारम कसरी संकेत गर्दछन? के विद्यार्थीहरूलाई अझै संकलन गर्न आवश्यक हुन्छ? उनीहरूको प्राथमिक विद्यालयहरूमा भाग लिने परिणामहरू के हुन्?**

उत्तर शिक्षा ब्यूरोले अभिभावकहरुलाई उनीहरूको बच्चाहरुको नियुक्ति को नतिजा यस चक्रमा (अर्थात् 8 जुलाई 2025 ) बिहान १० बजे देखि SMS सन्देशहरू मार्फत जानकारी गराउनेछ। सम्बन्धित एसएमएस खबर पाउन चाहने अभिभावकहरूले आफ्नो मोबाइल फोन नम्बरमा यी SMS मेसेजहरु प्राप्त गर्नको लागि सहमति संकेत गर्न छनौट फारमको निर्दिष्ट बाकसमा आफ्नो SMS मेसेज प्राप्त गर्न सक्ने मोबाइल नम्बर उपलब्ध गराउन पर्छ। साथै, eSSPA प्रयोगकर्ताहरूको रूपमा दर्ता भएका अभिभावकहरूले आवंटन परिणामहरू यस चक्रको आवंटन घोषणा हुने दिनको बिहान १० बजे देखि eSSPA मार्फत हेर्न सक्छन्। विद्यार्थीहरुले आवंटन नतिजा आफु पढ्दै गरेको विद्यालयका साथै आवंटन नतिजा घोषणासँग सम्बन्धित अन्य प्रशासनिक व्यवस्थाहरूबाट प्राप्त गर्न पाउने व्यवस्थाका अपरिवर्तित रहनेछ।

## निर्धारण ब्यान्डहरू

**(16) प्रश्न विद्यार्थीको परिणामहरू कसरी मापन हुन्छन्?**

उत्तर SSPA 2023/2025 मा CA को लागि 2018 र 2024 मा विद्यालयको Pre-S1 HKAT को औसत नमूना पररणामहरूलाई मापन उपकरणको रूपमा प्रयोग गरीन्छ। यदि विद्यालय (उदाहरण को लागि, नयाँ सहभागी विद्यालय) को 2018 वा 2024 Pre-S1 HKAT नतीजा छैन भने, उही विद्यालयमा समान प्राथमिक विद्यालयमा सबै प्राथमिक विद्यालयहरूको समग्रमा Pre-S1 HKAT परिणाम स्केलिंग उपकरणको रूपमा प्रयोग हुनेछ।

**(17) प्रश्न विद्यार्थीको विनियोजन ब्यान्डहरू कसरी निर्धारण गरिन्छ? तिनीहरू केको लागि प्रयोग गर्दैछन्?**

उत्तर विद्यार्थीहरूको आवाश्यक ब्यान्डहरू उनीहरूको मापन गरिएको IAपरिणामहरू अनुसार निर्धारण गरिन्छ। P5 को अन्तमा विद्यार्थीहरूको मानकीकृत IA परिणामहरू, र दुबै फ६ मध्यवर्ष र अन्त्यमा मानकीकृत गरिनेछ, र विद्यालयको पूर्व-S1 HKAT 2018 र 2024 को नमूना परिणामहरूको औसत द्वारा मापन गरिनेछ। Pre-S1 HKAT 2018 वा 2024 को नमूना नतिजाहरू नभएका विद्यालयहरूका लागि (जस्तै नयाँ सहभागी विद्यालय), सम्बन्धित वर्षमा एउटै स्कूल नेट भित्र रहेका सबै सहभागी प्राथमिक विद्यालयहरूको समग्र Pre-S1 HKAT नतिजाहरू स्केलिंग उपकरणको रूपमा प्रयोग गरिनेछ।

भाग A “अप्रबन्धित विद्यालय छनौटहरूको” विनियोजनको लागि, क्षेत्रका सबै विद्यार्थीहरूको स्केल्ड अंकहरू योग्यताको क्रममा राखिनेछ। त्यसपछि विद्यार्थीहरूलाई तीन क्षेत्र बैन्डमा समान रूपमा विभाजित गरिनेछ, प्रत्येक क्षेत्रका प्राथमिक विद्यार्थीहरूको कुल संख्याको एक तिहाइ समावेश हुनेछ। CA को भाग B “प्रतिबन्धित विद्यालय छनौटहरूको” लागि, एउटै विद्यालयको नेट भित्रका सबै विद्यार्थीहरूको मापन गरिएको अंकलाई योग्यताको क्रममा राखिनेछ। त्यसपछि विद्यार्थीहरूलाई तीन नेट ब्यान्डमा समान रूपमा विभाजित गरिनेछ, प्रत्येक विद्यालय नेटमा प्राथमिक विद्यार्थीहरूको कुल सङ्ख्याको एक तिहाइ समावेश हुनेछ।

जब टेरिटरी ब्यान्ड र नेट ब्यान्ड CA को भाग A को “अप्रतिबन्धित विद्यालय छनौटहरू” र CA को भाग B को “प्रतिबन्धित विद्यालय छनौटहरूको” लागि विद्यार्थीको आवंटनको क्रम निर्धारण गर्न प्रयोग गरिन्छ, तिनीहरू विद्यार्थीहरूको शैक्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नको लागि पूर्ण मानक होइनन्। आवंटन प्रक्रिया पूरा भएपछि, व्यक्तिगत विद्यार्थीहरूको आवंटन ब्यान्ड राखिने छैन।

कृपया ध्यान दिनुहोस् कि, अवस्थित संयन्त्र अन्तर्गत, SSPA मा भाग लिने सबै प्राथमिक विद्यालयहरूले P5 को अन्त्यमा र मध्य वर्षको अन्त्यमा र P6 को अन्त्यमा आफ्ना विद्यार्थीहरूको IA नतिजा पेश गरेपछि, कम्प्युटरले माथिको स्केलिंग संयन्त्रद्वारा IA नतिजाहरू समायोजन गर्नेछ। केन्द्रीय विनियोजन कम्प्युटर कार्यक्रम क्षेत्र र व्यक्तिगत स्कूल नेट भित्र सहभागी विद्यार्थीहरूको संख्या अन्तिम रूप दिएपछि सञ्चालन हुनेछ। त्यसकारण, विद्यार्थीहरूको क्षेत्र ब्यान्ड र नेट ब्यान्ड कम्प्युटर आवंटन प्रक्रिया सुरु भएपछि मात्र निर्धारण गर्न सकिन्छ। अर्को शब्दमा भन्नुपर्दा, केवल उनीहरूको अंक/योग्यताको क्रम र एउटै विद्यालयका अघिल्ला समूहका विद्यार्थीहरूको शैक्षिक प्रदर्शनको आधारमा व्यक्तिगत विद्यार्थीहरूको आवंटन ब्यान्डको सही अनुमान गर्न

असम्भव छ। विद्यार्थीहरूको वास्तविक आवंटन ब्यान्ड विद्यालय वा अभिभावकहरूले गरेको अनुमानभन्दा फरक हुन सक्छ। सान्दर्भिक स्कूल छनौट जानकारी सन्दर्भ गर्दा अभिभावकहरू होसियार हुनुपर्छ।

स्केलिंग संयन्त्र र आवंटन ब्यान्डहरूको व्याख्याको लागि, कृपया EDB गृहपृष्ठमा अपलोड गरिएको सम्बन्धित भिडियो हेर्नुहोस्। (Home > Education System and Policy > Primary and Secondary Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System > Video on the Secondary School Places Allocation (SSPA) System 2023/2025 Cycle मा जानुहोस्।)

<u>स्केलिंग संयन्त्र र आवंटन ब्यान्डहरूमा भिडियो</u>

**(18) प्रश्न के कुनै छात्रको क्षेत्र ब्यान्ड र उसको / उनको नेट ब्यान्ड भिन्न हुनेछ?**

उत्तर विद्यार्थी कुन क्षेत्र ब्याण्डमा पर्छ भनेर निर्धारण गर्न उसको/उनको प्राथमिक विद्यालयमा प्राप्त गरेका मापन गरिएका अंकहरूलाई क्षेत्रका विद्यार्थीहरूको मापन गरिएको अंकसँग तुलना गरिनेछ। त्यसैगरी, विद्यार्थी कुन नेट ब्याण्डमा पर्दछ भनेर निर्धारण गर्न उसको/उनको प्राथमिक विद्यालयमा प्राप्त गरेको मापन अंकलाई सोही विद्यालयको नेटका विद्यार्थीहरूको मापन अंकसँग तुलना गरिनेछ। तसर्थ, एक विद्यार्थीको क्षेत्र बैंड र उसको / उनको नेट ब्यान्ड फरक हुन सक्छ।

**(19) प्रश्न यदि कुनै विद्यार्थीलाई क्रस-नेट विनियोजनको लागि अनुमोदन गरिएको छ भने, कसरी उसको/उनको नेट ब्यान्ड नयाँ विद्यालय नेटमा निर्धारित गरिन्छ? उसको टेरिटोरी ब्यान्डमा कुनै परिवर्तनहरू हुन्छन्?**

उत्तर यदि कुनै विद्यार्थीलाई क्रस-नेट विनियोजनको लागि अनुमोदन गरियो भने, ऊ कुन नेट ब्याण्डमा पर्छ भनेर निर्धारण गर्न उसको मूल विद्यालयमा मापन गरिएका अंकहरु नयाँ विद्यालय नेटको विद्यार्थीहरूको मापन गरिएको अंकहरूसँग तुलना गरिनेछ। अर्को शब्दमा, विद्यार्थीको मूल विद्यालय नेटको नेट ब्यान्ड र उसको/उनको नयाँ विद्यालय नेटको नेट ब्यान्ड फरक हुन सक्छ। विद्यार्थीको टेरिटोरी ब्यान्डको क्रस-नेट आवंटनको स्वीकृतिको कारणले परिवर्तन हुनेछैन।

**(20) प्रश्न के सहभागी प्राथमिक विद्यालयहरूले आफ्नो विनियोजन ब्यान्डको निर्धारणको लागि सफल DP आवेदकहरूको रूपमा अधिसूचित गरिएका विद्यार्थीहरूको IA नतिजाहरू पेश गर्न आवश्यक छ?**

उत्तर अधिसूचना व्यवस्था अन्तर्गत, अवस्थित SSPA संयन्त्र अपरिवर्तित रहन्छ। सहभागी

प्राथमिक विद्यालयहरूले अझै पनि सबै विद्यार्थीहरूको लागि प्राथमिक P5 को अन्त्यमा, P6 को मध्य वर्षमा र अन्त्यमा IA नतिजा पेश गर्न आवश्यक छ (सफल DP आवेदकहरूको रूपमा सहभागी माध्यमिक विद्यालयहरूद्वारा सूचित गरिएकाहरूलाई वा NDSS माध्यमिक विद्यालयहरू द्वारा भर्ना भएकाहरू सहित)। CA चरणमा, क्षेत्र/एउटै विद्यालय नेटका सबै सहभागी विद्यार्थीहरूको मापन गरिएको अंकलाई कम्प्युटरद्वारा योग्यताको क्रममा राखिनेछ। त्यसपछि विद्यार्थीहरूलाई समान रूपमा तीन क्षेत्र/नेट ब्यान्डहरूमा विभाजन गरिनेछ, प्रत्येक क्षेत्र/एउटै विद्यालय नेटमा सहभागी विद्यार्थीहरूको कुल संख्याको एक तिहाइ समावेश हुनेछ। अर्को शब्दमा, प्रत्येक ब्यान्डको विद्यार्थीहरूको संख्या सहभागी विद्यार्थीहरूको कुल संख्याद्वारा निर्धारण गरिन्छ, सबै सहभागी विद्यार्थीहरूको विनियोजन ब्यान्डहरू (सफल DP आवेदकहरूको रूपमा सूचित गरिएकाहरू सहित) तिनीहरूको मापन गरिएको IA नतिजाहरूको आधारमा निर्धारण गरिनेछ।

## विद्यालय नेट

**(21) प्रश्न स्कूल नेट के हो? माध्यमिक विद्यालय नेटहरू कसरी सिमाङ्कन गरिन्छ?**

उत्तर जिल्ला प्रशासनको सिमाना अनुसार, भाग ब को CA विद्यालय नेटद्वारा गरिएको जसरि सम्पूर्ण क्षेत्र विद्यालय स्थानहरू बाँडफाँडको लागि 18 माध्यमिक विद्यालय नेटहरूमा विभाजन गरिएको छ। प्रत्येक विद्यालय नेटमा भौतिक रूपमा जिल्ला भित्र अवस्थित सबै सहभागी प्राथमिक र माध्यमिक विद्यालयहरू समावेश गरिन्छ र अन्य जिल्लाहरूमा विभिन्न प्रकारका माध्यमिक विद्यालयहरूले नेटका लागि विद्यालय स्थानहरू उपलब्ध गराउँछन्। अन्य जिल्लाहरूका माध्यमिक विद्यालयहरू र विद्यालय स्थानहरू वर्ष-बर्ष फरक हुन सक्छ। विद्यमान नीति अनुसार, क्रस-नेट विनियोजनका लागि आवेदन स्वीकृत भएका विद्यार्थीहरू बाहेक, सिद्धान्तमा, विद्यार्थी कुन माध्यमिक विद्यालय नेटमा पर्दछ भन्ने निर्धारण विद्यार्थी उपस्थित हुने प्राथमिक विद्यालयको भौतिक स्थानले गर्दछ, विद्यार्थी बसोबास गरेको जिल्लामा होइन।

**(22) प्रश्न विद्यालय नेट कसरी व्यवस्थित गरिन्छ?**

उत्तर सार्वजनिक क्षेत्रको S1 स्थानहरूको प्रावधान क्षेत्र-व्यापी आधारमा योजना गरिएको छ। माग पूरा गर्नको लागि विद्यालय स्थानहरूको पर्याप्त आपूर्ति सुनिश्चित गर्न र थोरै विद्यालय स्थान संख्या भएका जिल्लाहरूमा विद्यार्थीहरूलाई थप विद्यालय छनोटहरू उपलब्ध गराउन, अरु जिल्लाहरुबाट विद्यालय स्थानहरू नेट गर्नु एउटा लामो समयदेखि स्थापित व्यवस्था हो जसले विभिन्न सरोकारवालाहरूको चिन्ता र आवश्यकता पनि सम्बोधन गर्न सक्छ। नेटिङ प्रबन्ध गर्दा, EDB ले प्रत्येक जिल्लामा विद्यालय स्थानहरूको पर्याप्त आपूर्ति सुनिश्चित गर्न र अभिभावकहरूलाई थप विकल्पहरू प्रदान गर्न विभिन्न जिल्लाहरुमा विद्यालय स्थानहरूको माग र आपूर्ति, विद्यालय प्रकारहरूको वितरण, विद्यालयहरूको स्थान र सम्बन्धित यातायात सुविधाहरू साथै स्थापित नेटिंग ढाँचा जस्ता धेरै कुराहरु ध्यानमा राख्छ। हामी एसएसपीए समिति संग परामर्श मा SSPA प्रणाली अन्तर्गत व्यवस्थाहरू बारे सरोकारवालाहरूको विचारहरुलाई राम्ररी ध्यानमा राखेर सम्बन्धित वर्षको नेटिंग व्यवस्था बनाउँछौं।

अन्य जिल्लाहरूबाट उपलब्ध गराइएका माध्यमिक विद्यालय र विद्यालय स्थानहरूको सङ्ख्या माग र आपूर्तिको अवस्थाअनुसार वर्ष-वर्ष फरक हुन सक्छ। अभिभावकहरूले सम्बन्धित चक्रको लागि नेटिङ प्रबन्धका लागि EDB द्वारा प्रत्येक वर्ष वितरित "माध्यमिक विद्यालय सूचीहरू" सन्दर्भ गर्नुपर्छ।

**(23) प्रश्न CA चरणमा अभिभावकहरूलाई विद्यालय छनोट गर्न सहज बनाउन DP चरण पछि प्रयोग नगरिएका विद्यालय स्थानहरूको संख्या CA को अप्रिलमा सुरु हुने सम्बन्धित कागजातहरूमा देखाइनेछ?**

उत्तर DP चरणमा, केही विद्यार्थीहरूले उनीहरूको सफल DP आवेदनहरूको सूचना दुई सहभागी माध्यमिक विद्यालयहरूबाट प्राप्त गर्न सक्छन् र उनीहरूलाई अन्ततः अवस्थित SSPA संयन्त्र अनुसार आफ्नो पहिलो रोजाइको विद्यालयहरूमा आवंटित गरिनेछ, जूनले गर्दा एउटा विद्यालय ठाउँ खाली हुनेछ। साथै, केही सफल आवेदकहरूले उनीहरूको लागि छुट्याइएको DP त्याग्ने र NDSS माध्यमिक विद्यालयहरूले प्रस्ताव गरेको ठाउँहरू स्वीकार गर्न सक्छन्। यी सफल DP आवेदकहरूलाई विनियोजन गरिएको स्थानहरू पनि उपलब्ध गराइनेछ। हालको SSPA संयन्त्र अन्तर्गत, केही विद्यार्थीहरूलाई यी प्रयोग

नगरिएका DP हरू रिजर्भ आवेदकहरूको क्षमतामा बाँडफाँड गर्न सकिन्छ र बाँकी ठाउँहरू CA को लागि प्रयोग गरिनेछ। CA सम्बन्धित कागजातहरू अप्रिलमा सन्दर्भको लागि अभिभावकहरूलाई वितरणको लागि मार्चमा छाप्नु पर्छ। तसर्थ, व्यस्त तालिकाका कारण सम्बन्धित विद्यालय स्थानहरूको संख्या अद्यावधिक गर्न सम्भव छैन।

**(24) प्रश्न के प्रत्येक विद्यालय नेटमा EMI विद्यालय स्थानहरूको संख्याको लागि कुनै विशेष नेटको प्रबन्ध हुन्छ?**

उत्तर माध्यमिक विद्यालयहरूको लागि माध्यम शिक्षा (MOI) को फाइन-ट्युनिंगको व्यवस्था 2010/11 विद्यालय वर्षदेखि लागू गरिएको छ। विद्यालयहरू अब MOI ("CMI विद्यालयहरू") वा MOI ("EMI विद्यालय") को रूपमा चाइनिज प्रयोग गर्ने विद्यालयहरूको रूपमा विद्यालयमा वर्गीकृत गरिएको छैन। विद्यार्थीहरूको बिभिन्न आवश्यकताको पूर्ति गर्न, विद्यालयहरूमा MOI मोडहरू विविधिक हुन्छन्, CMI, CMI सहित अंग्रेजीमा विस्तारित शिक्षा गतिविधिहरू, विभिन्न विषयहरूमा CMI / EMI र कुल EMI विसर्जन हुनेछन्। आफ्ना बच्चाहरूको लागि विद्यालयहरू छनौट गर्दा, अभिभावकहरूलाई विद्यालयको MOI मा ध्यान नदिने सल्लाह दिइन्छ, बरु समग्रमा विद्यालयको नीति, सुविधाहरू, समर्थन र सम्बन्धित उपायहरू विचार गर्नुपर्दछ र विद्यालयहरूले उनीहरूको बच्चाको क्षमता र रुचिहरू विकास गर्न मद्दत गर्न सक्छन वा उनीहरूको प्रचार गर्न व्यक्तिगत वृद्धि बढाउन मदत गर्न सक्छन वा सक्दैनन भनी मूल्यांकन गर्न आमा बाबु हरूलाई सुझाब दिइन्छ। वर्षौंदेखि, विद्यालय नेटको व्यवस्था गर्दा, EDB ले सम्बन्धित जिल्लाका विद्यालय स्थानहरू, विद्यालयको स्थान, यातायात सुविधा, स्थापित नेट ढाँचा र यस्ता कारकहरूलाई विचारमा राखेको छ। विद्यालयहरूले अपनाएका MOI व्यवस्थाहरू जस्ता अरु कारकहरूलाई विचारमा राखिने छैन।

**(25) प्रश्न "अप्रतिबन्धित विद्यालय रोजाइहरूको लागि ह्यान्डबुक" र "माध्यमिक विद्यालय सूचीमा" सूचीबद्ध विद्यालय स्थानहरूको संख्याहरुमा के फरक छ?**

उत्तर अभिभावकहरुले "अप्रतिबंधित विद्यालय छनोटहरूको लागि ह्यान्डबुक" छनौट फारमको भाग A "अप्रतिबन्धित स्कूल छनौटहरू" भर्दा सन्दर्भ गर्नुपर्छ। ह्याण्डबुकमा सूचीबद्ध "सबै नेटहरूको लागि योजनाबद्ध ठाउँहरू" क्षेत्रका सबै विद्यार्थीहरूको लागि हो र अभिभावकहरूले भाग A मा कुनै पनि जिल्लामा तीन भन्दा बढी विद्यालयहरू छनौट गर्न हुनेछैनन्।

छनौट फारम भाग B "प्रतिबन्धित विद्यालय छनौटहरू" भर्ने क्रममा, अभिभावकले "माध्यमिक विद्यालय सूचीमा" सन्दर्भ गर्नुपर्नेछ। "माध्यमिक विद्यालय सूचीमा" देखाइएको " यस नेटको लागि योजनाबद्ध S1 स्थानहरू" सम्बन्धित विद्यालय नेटका विद्यार्थीहरूको लागि हो। अभिभावकहरूले भाग B मा विद्यार्थीको विद्यालय नेटमा अधिकतम 30 विद्यालयहरू छनौट गर्न सक्दछन्।

**(26) प्रश्न के एउटा विद्यार्थीलाई उसको/उनको विद्यालय नेटमा तर उसले/उनले रोजाइ नगरेको विद्यालयमा विनियोजन गरिनेछ?**

उत्तर यदि विद्यार्थीले उसको सबै विद्यालयको छनौट सकिए पछि पनि उसको ठाउँको विनियोजन गरिएको छैन भने, कम्प्युटरले स्थापित संयन्त्र अनुसार उसको नेटका थुन खाली भएका अरु विद्यालयहरूमा विनियोजन गर्नेछ (प्रत्यक्ष अनुदान योजना स्कूलहरू र "विद्यार्थीहरूले आफ्नो छनोटमा समावेश नगरेसम्म यस स्कूलमा आवंटित गरिने छैन" भनी टिप्पणी भएका स्कूलहरू बाहेक)। तसर्थ, अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई उनीहरूको प्राथमिकताको विद्यालय स्थान छुट्याउने मौका बढाउनको लागि "माध्यमिक विद्यालय

सूची" मा प्रदान गरिएका विद्यालय छनोटहरूद्वारा सकेसम्म धेरै विद्यालयहरू भर्न प्रयास गर्नुपर्छ।

**(27) प्रश्न के विद्यार्थीलाई अरु जिल्लाहरूको विद्यालयमा विनियोजन गरिनेछ?**

उत्तर निम्न परिस्थितिहरूमा एक विद्यार्थीलाई अरु जिल्लाको विद्यालयमा विनियोजन गरिनेछ:
(a) विद्यार्थीलाई विवादास्पद स्थान चरणमा अर्को जिल्लाको विद्यालयले भर्ना गरेको हुन सक्छ;
(b) केन्द्रीय विनियोजन चरणमा भाग A "अप्रबन्धित विद्यालय छनोटहरू" अन्तर्गत छनौट गरिएको अर्को जिल्लाको विद्यालय स्थान विनियोजन गरिएको हुन सक्छ; वा
(c) प्रत्येक विद्यालय नेटमा, त्यहाँ जिल्लामा भौतिक रूपमा अवस्थित माध्यमिक विद्यालयहरू छन् र अभिभावकको छनौटको लागि अन्य जिल्लाहरूमा धेरै माध्यमिक विद्यालयहरूको छन्। विद्यार्थीहरूलाई अर्को जिल्लाको माध्यमिक विद्यालयमालागी विनियोजन गरिएको हुन सक्छ जुनले उसको/उनको विद्यालय नेट को लागी विद्यालय स्थानहरु प्रदान गर्दछ।

**(28) प्रश्न क्रस-नेट विनियोजन के हो?**

उत्तर CA को भाग B को लागि विद्यालय स्थानहरूको विनियोजन विद्यालय नेट द्वारा गरिन्छ र विद्यार्थी सम्बन्धित विद्यालयको नेट सैद्धान्तिक रूपमा उसले पढेको प्राथमिक विद्यालयको विद्यालय नेट हो। यदि विद्यालयको नेट परिवर्तन गर्नको लागि विशेष कारणहरू सहित, विद्यार्थीको लागि वास्तविक आवश्यकता छ भने, अभिभावकहरूले क्रस-नेट विनियोजनका लागि EDB लाई आफ्नो बच्चाले पढिरहेको प्राथमिक विद्यालय मार्फत फेब्रुएरि 2025 को अन्त्य अघि सम्बन्धित प्रमाण कागजातहरू सहित आवेदन पेश गर्न सक्छन्। eSSPA प्रयोगकर्ताहरूको रूपमा दर्ता भएका र आफ्नो खातालाई "iAM Smart+" मा जोडेका अभिभावकहरूका लागि, कागजी आवेदन फारम बाहेक, उनीहरूले eSSPA मार्फत क्रस-नेट आवंटनका लागि आवेदन पेश गर्न सक्छन्। अभिभावकहरूले एउटै बच्चाको लागि eSSPA मार्फत र कागज फारमको रूपमा नक्कल आवेदन पेश गर्नु हुँदैन। प्राथमिक विद्यालयले आवेदन कागजातहरूको सबै प्रमाणित प्रतिलिपिहरू थप प्रशोधनको लागि EDB मा पठाउनेछ।यदि विद्यार्थीलाई उसको हङकङको आवासीय ठेगाना (अर्थात् आवेदक विद्यार्थी बस्ने बासस्थान र जुन उसको एकमात्र वा मुख्य घर हो) को विद्यालय नेटमा क्रस-नेट विनियोजनका लागि स्वीकृत भएमा, उसले/उनले नयाँ विद्यालय नेटमा CA को भाग B मा भाग लिनेछ।

**(29) प्रश्न क्रस-नेट विनियोजनका लागि आवेदन दिन चाहनुहुन्छ भने आवेदन दिने विद्यार्थीको आवासीय ठेगाना घोषणा गर्दा र सान्दर्भिक प्रमाण कागजातहरू उपलब्ध गराउँदा अभिभावकहरूले के कुरामा ध्यान दिनुपर्छ?**

उत्तर अभिभावकहरूले ध्यान दिनुपर्छ कि हालको आवंटन चक्रमा आवेदन दिने विद्यार्थीको आवासीय ठेगाना हङकङमा उसको/उनको एकमात्र वा मुख्य निवास स्थान हुनुपर्छ, अर्थात् आवेदक विद्यार्थी बस्ने बासस्थान र जुन उसको/उनको एकमात्र वा मुख्य घर हो। स्वीकार्य हङकङ आवासीय ठेगाना प्रमाण कागजातहरूमा स्ट्याम्प गरिएको भाडा सम्झौता, दर र/वा सरकारी भाडाको लागि डिमान्ड नोट, सार्वजनिक आवास प्राधिकरणहरूद्वारा जारी गरिएको भाडा सम्झौता वा भाडामा लिने भाडा कार्ड, आवासीय टेलिफोन/घर ब्रॉडब्यान्ड बिल, र जस्तै टाउनग्यास, पावर कम्पनीहरु, पानी आपूर्ति विभाग,

आदि जस्ता विभिन्न उपयोगिता कम्पनीहरूको बिल पर्दछन्। बैंकको स्टेटमेन्ट र मोबाइल फोनको बिलहरू, अदालतको समन र कर माग नोटहरू जस्ता अन्य कागजातहरू स्वीकार गरिने छैन। साथै, हङकङको आवासीय ठेगाना प्रमाण कागजातमा अभिभावकको नाम र ठेगाना (अर्थात भुक्तानीकर्ता) छापिएको हुनुपर्छ।

**(30) प्रश्न यदि विद्यार्थीहरूले क्रस-नेट विनियोजनका लागि आवेदन गर्नु अघि एक वा दुई माध्यमिक विद्यालयहरूमा DP को लागि आवेदन दिएका छन्, र उनीहरूको क्रस-नेट आवेदनको कारणले उनीहरूको DP आवेदन (हरू) रद्द गरेका छन् भने, के उनीहरूका अभिभावकहरूले CA चरण मा छनोट फारम भर्नु पर्छ?**

उत्तर हालको SSPA संयन्त्र अन्तर्गत, विद्यार्थीहरूले क्रस-नेट विनियोजनका लागि आवेदन दिन आवश्यक परेमा उनीहरूले आफ्ना एक वा दुवै DP आवेदनहरू रद्द गर्न सक्छन्। यदि उनीहरूले उनीहरूको क्रस-नेट आवेदनको कारणले उनीहरूको एक वा दुवै DP आवेदनहरू रद्द गरेका छन् भने, उनीहरूलाई सूचना व्यवस्था अन्तर्गत सफल आवेदकको रूपमा सूचित गरिएको भए पनि, सम्बन्धित DP स्वतः रद्द हुनेछ। सहभागी माध्यमिक विद्यालयहरूले प्रस्ताव गरेका सबै DP क्रस-नेट आवेदनको कारणले रद्द गरिएको छ भने, सम्बन्धित अभिभावकहरूले छनोट फारम भर्नु पर्नेछ ताकि उनीहरूका छोराछोरीहरूले CA मा भाग लिन सकून्। यदि सम्बन्धित अभिभावकहरूले छनोट फारममा कुनै विद्यालय छनोट गरेनन् र सम्बन्धित विद्यार्थीहरूलाई कुनै पनि NDSS माध्यमिक विद्यालयहरूले विद्यालयको स्थान प्रस्ताव गरेको छैन भने, स्थापित विनियोजन संयन्त्र बमोजिम सम्बन्धित विद्यार्थीहरूलाई विद्यालयको स्थान विनियोजन गरिनेछ।

**(31)** **प्रश्न** **यदि एक विद्यार्थी अर्को विद्यालय नेटमा सर्छ, तर उसले/उनले क्रस-नेट विनियोजनको लागि आवेदन गर्ने मौका गुमायो भने, अभिभावकले के गर्न सक्दछन्?**

उत्तर सामान्यतया, क्रस-नेट विनियोजनको लागि आवेदनको अन्तिम समय फेब्रुएरिको अन्त्य/प्रारम्भिक मार्च हो। यदि कुनै विद्यार्थीले क्रस-नेट विनियोजनको लागि आवेदन गरेको छैन भने, उसले मूल विद्यालय नेटमा केन्द्रीय आवंटनमा भाग लिनेछ। यदि विद्यार्थीले अर्को विद्यालयमा स्थानान्तरण गर्न चाहेमा, उसले/उनले पहिलो पटक विनियोजन परिणाम जारी गरे पछि बाँडफाँड गरिएको विद्यालयमा दर्ता गर्नुपर्नेछ। त्यस पछि उसले/उनले सोधपुछ गर्न वा सीधै उसको नयाँ निवास स्थान नजिकको माध्यमिक विद्यालयमा ट्रान्सफरको लागि आवेदन दिन सक्छ। उसले/उनीले जन्म प्रमाणपत्र, आलोसेशन स्लिप र विद्यालयको सन्दर्भको लागि भर्खरको विद्यालय रिपोर्टहरूका प्रतिलिपिहरू साथ ल्याउनु पर्छ। विद्यार्थी भर्ना हुने कि नहुने भन्ने कुरा सम्बन्धित माध्यमिक विद्यालयको विवेकमा छ।

**(32)** **प्रश्न** **यस बर्षको र गत वर्षका विद्यालय नेटको प्रबन्धहरू बीचमा के भिन्नता छ?**

उत्तर प्रत्येक वर्ष P6 सहभागीहरूको संख्यामा भिन्नताहरू भएकाले विभिन्न वर्षहरूमा जिल्लाका स्थानहरूको माग बढ्न वा घट्न सक्छ र त्यसैले अन्य जिल्लाहरूबाट आवश्यक पर्ने विद्यालयको छनोट र सम्बन्धित विद्यालयको संख्यालाई तदनुसार समायोजन गर्नुपर्नेछ। सामान्यतया, आफ्नै जिल्लामा विद्यालय स्थानहरूको कुनै पनि अभाव अन्य जिल्लाहरू को विद्यालयहरूले प्रदान गरेका विद्यालय स्थानहरू द्वारा पूरा हुनेछ। जब आफ्नै जिल्लामा माग पूरा गर्न विद्यालय ठाउँहरू पर्याप्त हुन्छन्, अन्य जिल्लाहरूको विद्यालयहरूको विद्यालय स्थानहरू समावेश हुँदैन। विद्यालय नेटिङ प्रबन्ध एसएसपीए समितिसँगको परामर्शमा स्वीकार गरिएको सिद्धान्तमा आधारित छ। यो प्रत्येक विद्यालय नेट को लागी पर्याप्त विद्यालय स्थानहरुको आपूर्ति गरिने सुनिश्चित गर्नको लागी (विद्यालयमा स्थानको अभाव हुँदा अरु जिल्लाबाट अतिरिक्त ठाउँहरू अभावलाई न्यूनीकरण गर्न नेट-इन् गरिन्छ), र साथसाथै विद्यालय नेटमा अभिभावकको छनौटहरु बढाउनको लागी हो।

## गैर-चिनियाँ भाषी (NCS) विद्यार्थीहरूको लागि

**(33) प्रश्न SSPA प्रणाली अन्तर्गत, गैर-चिनियाँ भाषी (NCS) विद्यार्थीहरूको लागि विनियोजन व्यवस्था के छ?**

उत्तर सबै योग्य विद्यार्थीहरू, उनीहरूको जात वा जन्म स्थान जे जता भएपनि, SSPA प्रणाली अन्तर्गत सार्वजनिक क्षेत्रका विद्यालयहरूमा भर्नाको लागि समान अवसरहरू पाउछन्, जुन निष्पक्ष र पारदर्शी छ। अर्को शब्दमा, सबै योग्य विद्यार्थीहरू (NCS विद्यार्थीहरू सहित) लाई समान संयन्त्र अनुसार S1 स्थान विनियोजन गरिनेछ। उनीहरूले DP चरणमा कुनै पनि दुई सहभागी माध्यमिक विद्यालयहरूमा आवेदन दिन सक्छन्। CA चरणमा छनोटको लागि, उनीहरूले भाग A मा कुनै पनि विद्यालय नेटहरूबाट अधिकतम 3 माध्यमिक विद्यालयहरू र भाग B मा उनीहरूको आफ्नै विद्यालय नेटहरूमा उनीहरूको प्राथमिकता अनुसार अधिकतम 30 माध्यमिक विद्यालयहरू छनौट गर्न सक्छन्।

**(34) प्रश्न हालको विनियोजनको व्यवस्था अन्तर्गत, NCS विद्यार्थीहरूले विद्यालय छनौटहरू कसरी गर्नुपर्छ?**

उत्तर अभिभावकहरू (NCS विद्यार्थीहरूका अभिभावकहरू सहित) ले विद्यालयका सबै पक्षहरूलाई विचार गर्नुपर्छ, उदाहरणका लागि उपयुक्त विद्यालय छनोट गर्नका लागि त्यस विद्यार्थीहरूको शैक्षिक दर्शन, संस्कृति, धर्म, वर्ग संरचना, विकास र सञ्चालनले उनीहरूका बालबालिकाका विशेषता, व्यक्तित्व, क्षमता र रुचिलाई पूरा गर्न सक्छ कि सक्दैन भनेर विचार पुराउनु पर्छ। अभिभावकहरूले आफ्ना बालबालिकाहरू पढिरहेका प्राथमिक विद्यालयहरूबाट सल्लाह लिन सक्छन् र थप विवरणका लागि विद्यालयको होमपेजमा जान सक्छन्। NCS विद्यार्थीहरूको अभिभावकहरूलाई सार्वजनिक क्षेत्रका विद्यालयहरू छनोट गर्न सहयोग गर्न, भर्ना सम्बन्धी जानकारी विभिन्न जातिहरूको प्रमुख भाषाहरूमा उपलब्ध छन्। साथै, NCS विद्यार्थीका अभिभावकहरूका लागि एकैसाथ व्याख्या सेवाहरू सहित समर्पित ब्रीफिङ सत्रहरू वार्षिक रूपमा आयोजित गरिन्छ।

NCS विद्यार्थीका अभिभावकहरूलाई आफ्ना बच्चाहरूको लागि स्कूल छनौट गर्न मद्दत गर्न, गृह-विद्यालय सहयोग समितिले NCS विद्यार्थीहरूका अभिभावकहरूलाई सान्दर्भिक स्कूल जानकारी प्राप्त गर्नको लागि माध्यमिक विद्यालय प्रोफाइलहरूको अंग्रेजी संस्करण प्रकाशित गरेको छ। NCS विद्यार्थीहरूलाई भर्ना गर्ने र स्थानीय पाठ्यक्रम प्रदान गर्ने सबै सार्वजनिक वित्त पोषित माध्यमिक विद्यालयहरूले NCS विद्यार्थीहरूको चिनियाँ भाषा सिक्ने र विद्यालयहरूमा समावेशी सिकाइ वातावरण सिर्जना गर्नको लागि उनीहरूले लागु गरेका अतिरिक्त सहयोग उपायहरू माध्यमिक विद्यालय प्रोफाइलहरूमा निर्दिष्ट गर्न आवश्यक छ।

**(35) प्रश्न NCS विद्यार्थीहरूलाई चिनियाँ भाषा सिकाउनको लागि शिक्षा ब्यूरो (EDB) द्वारा उपलब्ध गराइएका सहयोगी उपायहरू के-के छन्?**

उत्तर सरकार NCS विद्यार्थीहरूलाई स्थानीय शिक्षा प्रणालीमा प्रारम्भिक रूपान्तरण र चिनियाँ भाषामा निपुणताको सुविधा सहित समुदायमा एकीकरणलाई प्रोत्साहन र समर्थन गर्न सरकार प्रतिबद्ध छ। EDB ले NCS विद्यार्थीहरूलाई चिनियाँ भाषा सिक्न र समुदायमा एकीकृत हुन मद्दत गर्न NCS विद्यार्थीहरूलाई पूर्व-प्राथमिकदेखि माध्यमिक तहसम्म पाठ्यक्रम विकास, सिकाइ र शिक्षण स्रोतहरू, शिक्षक प्रशिक्षण, व्यावसायिक सहयोग, अतिरिक्त कोष, बहुविध मार्गहरू, अभिभावक शिक्षा र अभिभावकहरूको लागि समर्थन

सहित विविध रणनीतिहरू मार्फत सबै-समावेश सिकाइ समर्थन प्रदान गर्दै आएको छ।

माथिका अतिरिक्त, 2023 को नीति सम्बोधनले समुदायमा एकीकरणको लागि NCS विद्यार्थीहरूलाई चिनियाँ भाषामा निपुणता हासिल गर्न सहयोगलाई सुदृढ पार्न विभिन्न उपायहरू तय गरेको छ, जसमा अनलाइन स्व-सिकाइ स्रोतहरू अन्तर्गत विविध सिकाइ सामग्रीहरू र निम्न प्राथमिक NCS विद्यार्थीहरूका लागि अनुकूलित सिकाइ सामग्रीहरू सहितको स्कूल पछिको चिनियाँ भाषा पाठ्यक्रमहरू, सम्पूर्ण प्राथमिक तहलाई समेट्ने समर ब्रिजिङ कार्यक्रम, र स्कूल-आधारित जीवन योजना समर्थन सेवाहरू परिष्कृत गरिएको छ, जुन सबै समय तालिकामा पूरा भएका छन्। प्रमुख कार्यकारीको 2024 को नीति सम्बोधनमा NCS विद्यार्थीहरूको लागि चिनियाँ सिकाइ सहयोग र अभिभावकीय सहयोगलाई सुदृढ पार्ने घोषणा गरिएको छ, जसमा स्कूल पछिका चिनियाँ भाषा पाठ्यक्रमहरू र अनलाइन स्व-सिकाइ स्रोतहरूको बृद्धि, साथै क्रस-स्कूल शिक्षक सिकाइ समुदायहरू आदि समावेश छन्। EDB ले NCS अभिभावकहरूको आवश्यकताहरू पूरा गर्ने थप विविध अभिभावक शिक्षा कार्यक्रमहरू पनि प्रदान गर्न जारी राख्नेछ। यसका साथै, EDB ले नोभेम्बर 2024 मा NCS विद्यार्थीहरूका अभिभावकहरूका लागि आफ्ना बालबालिकाहरूलाई चिनियाँ भाषामा निपुणता र पूर्ण-व्यक्ति विकासमा सहयोग गर्न अभिभावक शिक्षा स्रोत पुस्तिका सुरू गरेको छ।समर्थन उपायहरूको विवरणहरूको लागि, कृपया EDB वेबसाइट हेर्नुहोस ।

विद्यालय स्थान निर्धारण सेक्सन
शिक्षा ब्यूरो
अप्रिल 2025